स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




एभरेस्ट महिला भलिबल लिग (इडब्लुभीएल) को दोस्रो सिजनका लागि कर्णाली एसभीएसले महानायक राजेश हमाललाई आफ्नो ब्राण्ड एम्बेसडरको रुपमा अनुबन्धित गरेको छ। कर्णाली एसभीएसका व्यवस्थापक लोकेन्द्र गिरी र अभिनेता हमालबिच शनिबार सम्झौता पत्रमा हस्ताक्षर भएको हो।

आजको विचार...



विकासभन्दा...
(दुई पेजमा)

यादव भट्टराई

कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारकीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारङ्गी'का अभिनेता विजय बरालको मुख्य भूमिका रहेको नयाँ फिल्म 'जनै हराएको मान्छे'आगामी भदौ ६ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ। गत साता फिल्मको टिजर सार्वजनिक गरिएको थियो, जसले युट्युबमा भ्यूज र प्रतिक्रिया दुवै लोभलाग्दो पाएको छ। १३ लाखभन्दा बढी भ्यूज प्राप्त टिजरमा सकारात्मक प्रतिक्रियाको ओइरो देखिन्छ। एक हजार बढी प्रतिक्रियामा विजयको अभिनय र टिजरका दृश्यको प्रशंसा मात्र छ।




❒ वर्ष ३१ ❒ अंक ५ ❒ २०८२ साउन ५ गते सोमबार 21 July 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-


## संक्षिप्त समाचार

### भारी वर्षाका कारण १४ को मृत्यु

(रासस/एपी)

**सियोल,** साउन ४/दक्षिण कोरियामा पाँच दिनसम्म परेको भारी वर्षाले १४ जनाको मृत्यु तथा १२ जना बेपत्ता भएको सरकारले आइतबार जनाएको छ । गृह तथा सुरक्षा मन्त्रालयका अनुसार आइतबार भारी वर्षाका कारण घर भत्किँदा एक जनाको मृत्यु भयो भने सियोलको उत्तरपूर्वमा पर्ने गाप्योङ सहरमा खोलाले बगाएर अर्का एक जनाको मृत्यु भएको थियो । मन्त्रालयका अनुसार शनिबार भारी वर्षाले पहिरो, घर भत्किने र अकस्मात् बाढी ल्याएपछि दक्षिणी सहर सान्चेओङमा आठ जनाको मृत्यु भएको र छ जना बेपत्ता भएको रिपोर्ट गरिएको छ । मन्त्रालयको प्रतिवेदन अनुसार गाप्योङ र दक्षिणी सहर ग्वाङ्जुमा छ जना अझै बेपत्ता छन् । गत हप्ताको सुरुमा सियोलको दक्षिणमा ओसानमा भारी वर्षाका क्रममा ओभरपासको रिटेनिङ पर्खाल ढलेपछि डुबानमा परेको कारमा तीन जना मृत फेला परेका थिए । उनीहरूको कार माटो र कङ्क्रिटले पुरिएपछि कार चालकको पनि मृत्यु भएको थियो । स्थानीय समयानुसार आइतबार बिहान ९ बजेसम्म करिब तीन हजार आठ सय ४० मानिस आफ्नो घरबाट विस्थापित भएको मन्त्रालयको प्रतिवेदनमा उल्लेख छ । आइतबार दक्षिण कोरियाको धेरैजसो भागमा वर्षा रोकिएको छ भने देशभरि भारी वर्षाका चेतावनीहरू हटाइएको मन्त्रालयका अधिकारीहरूले जनाएका छन् ।

# किवी खेतीमा कालिगण्डकीका युवाको आकर्षण

## बाँझिएको जग्गा उपयोग गरेर लाखौं कमाउँदै

जगदीश भट्टराई

**गुल्मी (सिरकोट),** साउन ४/पछिल्लो समय गाउँबाट बसाईंसराइ गरी बजार झर्नेको संख्या निकै ठूलो छ । सेवा सुविधा खोज्दै स्थानीय सहर बजारतिर झर्न थालेसँगै गाउँ सुनसान बन्दै गएका छन् । गाउँमा भएका युवा पनि विदेश पलायन भइरहेका छन् । बसाईंसराइ र विदेश पलायनले गर्दागाउँका खेतीयोग्य जमिन वनमाराले ढाकिँदै गएका छन् तर, गुल्मीको कालिगण्डकीगाउँपालिका-२ का केही युवाहरु भने व्यावसायिक किवि खेतीमा लागेका छन् ।

कालीगण्डकी गाउँपालिका-१ सिरकोटमा वर्षौंदेखि बाँझिएको जग्गालाई सदुपयोग गर्दै २३ जना युवाले मिलेर पाँच सय ४० रोपनी क्षेत्रफलमा ब्यावसायिक रुपमा किवी खेती गरेका हुन् । २०६४ सालमा भार्सेका कृषकले संखुवासभाबाट किवीका बिरुवा ल्याएर लगाएकाले जिल्लामै पहिलो पटक भार्सेबाट किवी खेतीको सुरवात भएको मानिन्छ । गत वर्ष किवीबाट १२ लाख आम्दानी गरेका कृषकहहरुले यस वर्ष २० लाख बढीको बिक्री गर्ने लक्ष्य लिएको कृषक लक्ष्मीपति न्यौपानेले बताए । किवी खेतीलाई ब्यावसायिक





रुपमा अगाडि बढाउन र यसैबाट राम्रो आम्दामी गर्नका लागि आफूहरुले हरदम प्रयास गरेको उनको भनाइ छ । स्वादिलो, धेरै पौष्टिक तत्व पाइने र स्वस्थ्यकर मानिने किवीको बजारमा माग र खपत बढेको कृषक न्यौपानेले बताए । "भिटामिन सीलगायत पौष्टिक तत्व पाइने किवी मधुमेह, उच्च रक्ताचाप रोगका बिरामीका लागि लाभदायक मानिन्छ," उनले भने "राम्रो भयो भने एकै रोपनीमा चार लाख रुपैयाँसम्म आम्दानी गर्न सकिन्छ ।" मेहनत गरे उत्पादन राम्रै हुने अर्का कृषक चन्द्रकला पाण्डेले बताइन् । उनले भनिन् "गत वर्ष सरदरप्रति किलो तीन सयदरले किवि विक्री गरियो ।" किवी गाउँबाटै पनि बिक्री भएको र गाउँबाट बिक्री हुन नसकेको किवी बुटवलमा लगेर बिक्री गरेको उनले बताइन् । पहिले सिचाँइका लागि पानीको अभाव भएको बताउँदै यस वर्ष पोखरी बने पछि उत्पादन बढ्नेमा आफूहरु ढुक्क रहेको उनले बताइन् । यहाँ १० लाख लागतमा जलस्रोत तथा सिचाँइ विकास डिभिजन कार्यालय गुल्मीले ६५ हजार लिटर क्षमताको दुई वटा पोखरी निर्माण गरिदिएको छ । वर्षौंदेखि बाँझिएर खेर गइरहेको जग्गालाई सदुपयोग गरी किवी खेती गरिएको छ । आफूहरुले देशका विभिन्न स्थानमा गरिएको किवीखेतीको बारेमा अध्ययन अवलोकन गरी सिरकोटमा पनि सम्भावना देखेर किवी खेती गर्ने आँट आएको कृषकहरु बताउँछन् । आफूहरुले गरेको किवी खेती हेर्नका लागि विभिन्न स्थानहरुबाट कृषक समूह, सहकारीहरु आउने गरेको र आफूहरुले गर्दै आएको किवी खेतीका बारेमा अनुभव आदान प्रदान गर्ने गरेको उनीहरुको भनाई छ । अनुकूल भूगोल, हावापानी, उच्च बजार मूल्यका कारण यहाँका कृषक पछिल्लो समय व्यावसायिक किवी खेतीतर्फ आकर्षित भएका छन् । आलु तथा मकैखेतीभन्दा किवीखेतीबाट राम्रो आम्दानी हुन थालेपछि कृषक किवीखेतीमा लागेका हुन् । किवीबाट एकपटक रोपेपछि वर्षौंसम्म आम्दानी लिन सकिन्छ । जिल्लामा ४८ हेक्टर क्षेत्रफलमा किवी खेती गरिँदै आइएको छ । यहाँका कालीगण्डकी, सत्यवती, रेसुङ्गा र धुर्कोटमा व्यावसायिक रुपमा किवी खेती हुँदै आएको कृषि ज्ञान केन्द्र गुल्मीले जनाएको छ ।

# सवारी दुर्घटनामा तीन जनाको मृत्यु




**पाल्पा,** साउन ४/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी घटनामा तीन जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रुपन्देही, दाङ र सुनसरीमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको हो ।

रूपन्देहीको गैडहवा गाउँपालिका-८ सितलडाँडास्थित सडकमा मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको ज्यान गएको छ । लु.६१ प ७२३८ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने अर्घाखाँची सन्धिखर्क नगरपालिका-१ सन्धिखर्क घर भएकी ६८ वर्षीया कुमारी कुँवरको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी उनको चौराहा अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालकको सोही अस्पतालमा उपचार भइरहेको छ ।यस्तै दाङको लमही नगरपालिका-५ सुनखोलीमा` बोलेरो पिकअपले किचेर एक जनाको मृत्यु भएको छ । लु.३ च ४८१४ नम्बरको बोलेरो पिकअपले किचेर सोही ठाउँ बस्ने २१ वर्षीय राकेश कुमार बानियाँको आइतबार बिहान मृत्यु भएको हो । आफ्नै घर अगाडि पार्किङ गरी राखेको बोलेरोको पछाडीको टायरमा ओत लगाएको ढुङ्गा निकाल्ने क्रममा बोलेरो ब्याक भई किच्दा गम्भीर घाइते भएका राकेशको लमही अस्पतालमा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । यस्तै सुनसरीको इनरूवा नगरपालिका-७ बर्छुवा चोकस्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । बर्छुवा चोकबाट मुसहरी टोलतर्फ जाँदै गरेको को.३४ प ५१६ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक सोही ठाउँ बस्ने ३५ वर्षीय पारस यादवको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल इनरूवामा उपचारको क्रममा मृत्यु भएको प्रहरी जनाएको छ । दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार एक जनाको सोही अस्पतालमा उपचार भइरहेको छ ।

# बुटवल-नारायणगढ दाउन्ने सडक : एक वर्षमै ६३ पटक बन्द

**मध्यविन्दु (नवलपरासी),** साउन ४/ बुटवल-नारायणगढ सडकअन्तर्गतको दाउन्ने खण्ड एक वर्षमा ६३ पटक अवरुद्ध भएको छ । नवलपरासी (बर्दघाट सुस्तापूर्व) को विनयी त्रिवेणी गाउँपालिका-२ अन्तर्गत पर्ने दाउन्ने क्षेत्र २०८१ साउन १ गतेदेखि २०८२ असार ३२ गतेसम्म ६३ पटक अवरुद्ध भएको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व) का प्रमुख जनक बञ्जाराका अनुसार पछिल्लो एक वर्षमा उक्त सडक पूर्ण वा आंशिक रूपमा अवरुद्ध भएको छ । यीमध्ये अधिकांश घटना भारी वर्षासँगै आएको पहिरो वा खसेको माटोले सडक अवरुद्ध हुँदा भएका थिए । सडक मर्मतका क्रममा ठूला उपकरण जाम हुँदा र ट्रक बिग्रिएर रोकिँदा पनि



घण्टौँसम्म बाटो थुनिएको थियो । दाउन्ने क्षेत्रको विश्वकर्मा मन्दिर, घ्युखोला, त्रियासी मोडलगायत क्षेत्रमा बढीजसो सडक अवरुद्ध भएको पाइएको छ । बुटवल-नारायणगढ सडक विस्तारका लागि दाउन्ने पहाडमा भित्तो कटानको काम सुरु गरेसँगै सडक अवरुद्ध हुने क्रम बढेको हो ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## बजेट खर्चमा ध्यान देऊ

नयाँ आर्थिक वर्ष लागेसँगै बजेट कार्यान्वयनको प्रक्रिया सुरु भएको छ । तर प्रत्येक आर्थिक वर्षको अन्त्यमा बजेट खर्च कम भएको भनेर सरकारको धेरै आलोचना हुने गरेको छ । आर्थिक वर्ष २०८१/८२ मा पनि सरकार बजेट खर्च गर्न नसकेको भनेर आलोचना खेप्नु पर्‍यो । गत आर्थिक वर्षमा सरकारको खर्च कमजोर देखिएको छ । महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार वार्षिक लक्ष्यको तुलनामा सरकारको खर्च ८१ प्रतिशतमा खुम्चिएको हो । गत आवका लागि सरकारले १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख रुपैयाँको बजेट ल्याएको थियो । असार मसान्तसम्ममा १५ खर्ब २३ अर्ब १० करोड ६८ लाख रुपैयाँ खर्च भएको छ, जुन वार्षिक लक्ष्यको ८१ दशमलव ८७ प्रतिशत बराबर हो ।

हरेक वर्ष बजेट कार्यान्वयनमा सरकार कजोर देखिदाँ सधै आलोचना खेप्नु परेको छ । यसलाई चिर्न सक्नु नयाँ आर्थिक वर्षको अवसर र चुनौती दुवै हो । बजेट भनेको गत आर्थिक वर्षका आर्थिक गतिविधिको अभिलेख, चालू वर्षको चित्रण र आगामी वर्षको कार्यक्रमको अनुमानित प्रक्षेपण हो । यस अर्थमा कुनै पनि सरकारले सामान्यतयाः एक आर्थिक वर्षका लागि आय र व्ययको अनुमानित विवरण तयार गर्ने गर्छन् । यसका लागि तत्कालीन तथा दीर्घकालीन आवश्यकता र उपलब्ध हुन सक्ने स्रोतसाधनको अवस्थालाई ध्यान दिनु पर्ने हुन्छ । सरकारले जुन जुन कुरालाई प्राथमिकतामा राखेर बजेट बनाएका छन् ति विषय अक्षरांश कार्यान्वयन हुनुपर्छ । तब मात्र बजेट ल्याउनुले सार्थकता पाउन्छ । प्रायः आर्थिक वर्ष सुरु भइसकेको सन्दर्भमा अब त्यसको कार्यान्वयनको पाटो र त्यसको परिणामको अपेक्षा गर्नुपर्छ । बजेट जस्तो सुकै भए पनि त्यसले विकास र जनताको आवश्यकता परिपूर्तिमा कुनै न कुनै ढंगबाट सम्बोधन गरेकै हुन्छ । तर योजना कार्यान्वयन प्रमुख कुरा हो । बजेटमा समेटिने तर कार्यान्वयन नहुने पुरानो रोग अब देखिनु हुँदैन । बजेट ल्याउने तर कार्यान्वयनमा ध्यान दिन नसक्दा हरेक वर्ष घोषणा गरेका कार्यक्रम प्रभावकारी रूपमा लागू हुन सकेको देखिँदैन । यस्तोमा अपारदर्शिताको प्रश्न उठ्ने गर्दछ । यसमा सरकारको बेलैमा ध्यान जाओस् र प्रक्रियागत झन्झटलाई व्यवहारिक बनाओस् । ताकि बजेट जुन मर्ममा आएको छ त्यसअनुसार लागू हुन सकोस् ।

### Opinion @ Social Network

आफ्नो मुहारमा सधैं मुस्कान राख्नुस ताकि
कोही उदास व्यक्ति पनि हजुरलाई देखेर मुस्कूराउन सकोस्।
(सुनिल परियारको फेसबुक स्टाटसबाट www.facebook.com//Sunil.pariyar

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विकासभन्दा बढी समस्याको केन्द्र बन्दैछन् सहरहरू, किन ?



**यादव भट्टराई**

> *सरकारी निकायहरूबीच समन्वय कमी, राजनीतिक इच्छा शक्तिको अभाव र निजी स्वार्थले गर्दा सहरी विकासका लागि आवश्यक नीति-नियम प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन् । सहरी विकास मन्त्रालयका लागि आगामी आर्थिक वर्षमा एक खर्ब १८ अर्ब रूपैयाँ बजेट विनियोजन गरिएको छ । यति ठूलो बजेट वास्तवमा कुन दिशामा खर्च भइरहेको छ भन्ने विषयमा भने अहिले गम्भीर प्रश्न उठ्न थालेका छन् ।*

पछिल्ला वर्षहरूमा नेपालमा सहरीकरण तीव्र बढिरहेको छ । ग्रामीण क्षेत्रहरू नगरमा रूपान्तरण भइरहेका छन् । मानिसहरू शिक्षा, स्वास्थ्य, रोजगारी तथा सेवा-सुविधाको खोजीमा सहरतिर सर्न थालेका छन् । तर यो प्रक्रिया अस्तव्यस्त, एकीकृत योजनाविहीन र अव्यवस्थित छ । परिणाम स्वरूप सडक, ढल, पानी, शिक्षा, स्वास्थ्य, फोहोर व्यवस्थापनजस्ता आधारभूत सेवा अभाव, खुला क्षेत्रको विनाश, अनियोजित बस्ती विस्तार, ट्राफिक जाम, वायु प्रदूषणजस्ता समस्या बढ्दै गएका छन् । यसको मुख्य कारण नेपालमा सहरी योजनाको स्पष्ट अवधारणा नै नहुनु हो । हामीकहाँ न भू-उपयोग नीति स्पष्ट छ, न पूर्वाधार विकासमा समन्वय छ, न त दीर्घकालीन सोचमा आधारित योजना नै कार्यान्वयनमा छन् । यसले गर्दा सहरी जीवन दिनदिनै जटिल र अव्यवस्थित बन्दै गएको छ । सहरी योजना र पूर्वाधार विकासमा ध्यान नदिँदा, भू-उपयोग नीति कार्यान्वयन कमजोर हुँदा र स्थानीय सरकारको सीमित क्षमताका कारण नेपाली सहरहरू विकासभन्दा बढी समस्याको केन्द्र बन्दै गएका छन् । सहरहरू योजनाबद्ध ढंगले भन्दा पनि जग्गा दलालहरूको इशारामा विस्तार भएका स्पष्ट देखिन्छ। जहाँ ठाउँ खाली देखियो, त्यहाँ जग्गा प्लटिङ गर्ने र भवन ठड्याउने प्रवृत्तिले सहर अव्यवस्थित मात्र बनाएको छैन, भविष्यको जोखिम पनि बढाएको छ । सरकारी निकायहरूबीच समन्वय कमी, राजनीतिक इच्छा शक्तिको अभाव र निजी स्वार्थले गर्दा सहरी विकासका लागि आवश्यक नीति-नियम प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन् । सहरी विकास मन्त्रालयका लागि आगामी आर्थिक वर्षमा एक खर्ब १८ अर्ब रूपैयाँ बजेट विनियोजन गरिएको छ । यति ठूलो बजेट वास्तवमा कुन दिशामा खर्च भइरहेको छ भन्ने विषयमा भने अहिले गम्भीर प्रश्न उठ्न थालेका छन्। यो बजेट योजनाबद्ध, दिगो र समावेशी सहरी विकासमा प्रयोग भइरहेको छ वा देखावटी आयोजना, राजनीतिक पहुँच वा निजी स्वार्थमा केन्द्रित योजनामा खर्च भइरहेको छ भन्नेबारे स्पष्टता छैन । सहरी विकास मन्त्रालय अन्तर्गतको प्रमुख निकाय काठमाडौं उपत्यका विकास प्राधिकरण सहरी योजना, नीतिनिर्माण, स्वीकृति र परियोजना कार्यान्वयनजस्ता जिम्मेवारीका साथ स्थापित संस्था हो । पछिल्ला वर्षमा भने यसको भूमिकाप्रति अनेकौं प्रश्न उठ्न थालेका छन् । योजनाबद्ध विकासभन्दा पनि प्रक्रियागत जटिलता, सीमित व्यक्तिहरूको प्रभाव र स्थानीय सरकारहरूसँगको समन्वय अभावले यो निकाय अपेक्षा अनुसार प्रभावकारी बन्न सकेको छैन । राजधानीमै यस्तो दुर्दशा देखिँदा देशका अन्य सहरको अवस्था कस्तो होला भन्ने सहजै अनुमान गर्न सकिन्छ । यस कारण काठमाडौं उपत्यकामा मात्र केन्द्रित संस्था काठमाडौं उपत्यका विकास प्राधिकरण खारेज गरी, देशव्यापी कार्यक्षेत्र भएको, अधिकारसम्पन्न रियल-इस्टेट प्राधिकरण गठन गर्नुपर्ने माग उठेको छ । यसैगरी सहरी विकास अन्तर्गतकै अर्को महत्त्वपूर्ण संस्था नगर विकास कोषले पनि फुटकर पूर्वाधार निर्माणमा मात्र ध्यान केन्द्रित गरेको देखिन्छ । नेपाल सरकारका विभिन्न मन्त्रालयहरू, जस्तै सहरी विकास र भूमि व्यवस्थाबीच पनि उचित समन्वयको अभाव देखिन्छ । यसले गर्दा सहरी विकासका योजना र कार्यान्वयनमा चुनौती सिर्जना गरिरहेको छ । अहिलेको अवस्था हेर्दा कसैको पनि ध्यान वास्तवमै व्यवस्थित सहरी विकासतर्फ केन्द्रित छैन । सहरी विकास रातारात हुने प्रक्रिया होइन । सिंगो सहर व्यवस्थित बनाउन वा नयाँ आधुनिक सहर निर्माण गर्न अर्बौं रूपैयाँ खर्च लाग्छ । आवश्यक स्रोत-साधन तुरून्त जुट्न सक्ने अवस्था नहुन सक्छ । तर अहिले नै स्पष्ट दुरदृष्टिका साथ समग्र गुरूयोजना तयार पारियो र प्राथमिकताका आधारमा योजनाबद्ध काम अघि बढाइयो भने कालान्तरमा सहरहरू व्यवस्थित र सुन्दर बन्नेछन् । त्यसैले आजको सही योजना नै भोलिको सहरी विकासको आधार हो । नेपालको सहरी विकासमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुन सक्छ तर अहिलेसम्म निजी क्षेत्रको संलग्नता जग्गा प्लटिङभन्दा माथि उठ्न सकेको छैन । कोही बिना दर्ता अनधिकृत रूपमा कारोबार गर्छन्, कोही संस्थागत 'डेभलपर' भन्दै कम्पनीमार्फत गर्छन्, फरक यत्ति हो । नभए उनीहरूको भूमिका र काम जग्गा प्लटिङ गर्ने वा त्यही प्लटिङमा घर बनाएर बेच्नेमा मात्र सीमित छ । उनीहरू सबैको ध्यान सहरी योजना, पूर्वाधार विकास वा समग्र सहरी संरचनाको दीर्घकालीन सोचभन्दा पनि छिटो नाफा कमाउने उद्देश्यमा केन्द्रित देखिन्छ। यस्तो प्रवृत्तिले सहरी विकासलाई योजनाविहीन, अनियन्त्रित र कुरूप बनाउँदै लगेको छ । अहिले नेपालमा ठूला ठूला भवन, होटल र टावरहरूको तीव्र निर्माण छ । आवासीय कोलोनीहरू पनि विस्तार भइरहेका छन् । यी संरचनाले सहरको भौतिक स्वरूप त बदलेका छन्, तर ती विकास एकीकृत सहरी योजना, भू-उपयोग नीति तथा पूर्वाधार विकाससँग समन्वयविहीन ढंगले अगाडि बढ्दा समस्या झन् गम्भीर हुँदै गएको छ । यस्ता योजनाहरू जबसम्म सहरी योजना, भू-उपयोग नीति र एकीकृत पूर्वाधार विकासको दीर्घकालीन दृष्टिकोणसँग समन्वयमा आउँदैनन्, तबसम्म यिनीहरूबाट व्यवस्थित सहरीकरणमा सार्थक योगदान हुने अपेक्षा गर्न सकिँदैन। उल्टो, यस्ता बिखण्डित र अनियोजित विकासहरूकै कारण सहरहरू झन् अव्यवस्थित समस्याग्रस्त बन्दै गएका छन् यस कारण भू-उपयोग नीति र एकीकृत सहरी योजनाअन्तर्गत विस्तार गरिएका जग्गा विकास आयोजनाहरू बाहेक अन्यत्र हुने सबै प्रकारका प्लटिङ र निर्माण कार्यहरू तत्काल रोक्न आवश्यक छ । अनधिकृत योजनाहरूको मालपोतमा हुने दर्ता, नक्सा पास, कित्ताकाट र लिखत पास प्रक्रिया पूर्ण रूपमा बन्द गर्नुपर्छ । आज देशभर नापी तथा मालपोत कार्यालयहरू भ्रष्टाचार, अनियमितता र दलाल प्रवृत्तिको अखडाझैं बनेका छन् । सहरी विकासको नाममा भइरहेका अनधिकृत कित्ताकाट, अवैध योजना र भू-माफियासँगको साँठगाँठमा यिनै कार्यालयहरूको संलग्नता बारम्बार देखिएको छ । त्यसैले अब मालपोत र नापी कार्यालय खारेज गरेर तिनको सम्पूर्ण जिम्मेवारी स्थानीय तहको प्रत्यक्ष मातहत ल्याउनु आवश्यक छ । नेपालको निजी क्षेत्र परिपक्व नभएकै कारण अधिकांश परियोजनाहरू अल्पकालीन नाफा मात्र हेर्ने प्रवृत्तिमा सीमित छन्। यसले दीर्घकालीन सहरी योजना, भू-उपयोग व्यवस्थापन र पूर्वाधार विकासमा गम्भीर चुनौती सिर्जना गरेको छ । यस्तो अवस्थामा, जग्गा विकास, जग्गा एकीकरण तथा खण्डीकरणको नेतृत्व तात्कालिक रूपमा सरकार स्वयंले लिनु उपयुक्त देखिन्छ, ताकि नीतिगत समन्वय, योजना र पूर्वाधार संरचना एकीकृत रूपमा कार्यान्वयन गर्न सकियोस् ।

त्यसपछि मात्रै, विकसित जग्गामा निजी क्षेत्रको सहभागितामा निर्माण कार्य अघि बढाउने व्यवस्था मिलाइनु उचित हुन्छ । प्रस्तावित सहरी ऐनमा निजी क्षेत्रलाई जग्गा विकास कार्यक्रमहरू सञ्चालन गर्न दिने व्यवस्था गरिने चर्चा चलेको छ । यदि नीति निर्माण र कार्यान्वयनमा कडाइ नअपनाइएमा, निजी क्षेत्रद्वारा सञ्चालित यस्ता जग्गा विकास कार्यक्रमहरू फेरि पनि भू-माफियाको प्रभावमा अव्यवस्थित सहरीकरणको माध्यम बन्न सक्ने जोखिम कायमै रहन्छ । त्यसैले यस्तो व्यवस्था लागू गर्नुअघि सशक्त नियमन, स्पष्ट मापदण्ड, पारदर्शिता र सार्वजनिक-निजी साझेदारीको स्पष्ट ढाँचा तय गरिनु अपरिहार्य हुन्छ । यसैगरी जे गर्छु, नेपालमै गर्छु भन्ने भावना लिएर नेपालमै इन्जिनियरिङ पढ्ने युवाहरूको ठूलो समूह आजकल निर्माण तथा घर-जग्गा व्यवसायमा लागिरहेको देखिन्छ। तर दुर्भाग्यवश, तीमध्ये धेरैको योगदान व्यवस्थित सहरी विकासमा नभई अव्यवस्थित सहरीकरणलाई अझ बढावा दिने दिशामा गएको देखिन्छ । उनीहरूले गर्ने निर्माणहरू अधिकांश अवस्थामा सहरी योजनाका हिस्सा हुँदैनन्, न भू-उपयोग नीतिसँग मेल खान्छन्, न एकीकृत पूर्वाधार विकाससँग नै समन्वयमा हुन्छन् । उनीहरूले वास्तवमा राष्ट्र-निर्माणमा योगदान दिनुको सट्टा, जग्गा दलालहरूद्वारा निर्देशित सहरी विस्तारमा संलग्न भएर सहरलाई झन् अव्यवस्थित बनाइरहेका छन् । यसले 'नेपालमै केही गर्छु' भन्ने आशयलाई कमजोर बनाउने मात्र होइन, सहरी क्षेत्रहरूलाई दीर्घकालीन रूपमा जटिल र असुरक्षित बनाउने खतरा पनि निम्त्याइरहेको छ । त्यसैले इन्जिनियर, योजनाकार र सरोकारवालाहरूले 'नेपालमै गर्छु' भन्ने भावनालाई सही दिशा दिन, आफ्नो ज्ञान र सीपलाई दीगो र योजनाबद्ध विकासतर्फ प्रयोग गर्न आवश्यक छ । विकासको नाममा विनियोजित बजेटहरू प्रायः योजनाविहीन, मनोमानी र दलालमुखी प्रवृत्तिले सोसिरहेका छन् । सहरी विकासजस्ता महत्त्वपूर्ण क्षेत्रमा जिम्मेवार निकायहरूले जग्गा कारोबारीसँगको गठजोडमा संलग्न भई नीति निर्माणभन्दा व्यक्तिगत नाफा र स्वार्थलाई प्राथमिकता दिने प्रवृत्तिले हाम्रो समग्र विकास प्रक्रियामा ठूलो बाधा निम्त्याइरहेको छ । संसार सहरी व्यवस्थापन र प्रविधिमैत्री जीवनशैलीतर्फ धेरै अगाडि पुगिसकेको छ। हामी भने अझै अव्यवस्थित विस्तार, आधारभूत पूर्वाधारको अभाव र नीतिगत अन्योलमा अल्झिएका छौं । नेपाललाई सिंगापुर बनाउने कुरा भाषणमा त धेरै नेताहरूले बोले, यथार्थमा त्यस अनुरूपको दीर्घकालीन योजना, नीतिगत प्रतिबद्धता र व्यवस्थित सहरी पूर्वाधार विकासमा आवश्यक पहल भने कहीं कतै देखिएन । त्यसैले सहरी विकासका सामाजिक, भौतिक, आर्थिक, वातावरणीय लगायत बहुआयामिक पक्षहरू समेटेर दीर्घकालीन, योजनाबद्ध, पारदर्शी र उत्तरदायी सहरी विकास योजना निर्माण गरिनु आजको आवश्यकता हो । स्मार्ट सिटी निर्माणको दिशामा अग्रसर हुन अब ढिला गर्नु हुँदैन ।

*-सेतोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : माननीय जनहरूको सल्लाह लिनुहोस्। प्रेम सम्बन्ध सुमधुर रहनेछ। | **तुला** : नयाँ आशा जाग्नेछ। मेहनतीहरूको लागि समय उत्साहवर्धक रहनेछ। |
| **वृष** : रोकिएका काम बनाउन सकिनेछ। कार्यक्षेत्रबाट लाभ प्राप्त हुनेछ। | **वृश्चिक** : तारिफ योग्य कार्यको प्रशंसा हुनेछ। साहित्य र कलामा रुचि बढ्नेछ। |
| **मिथुन** : मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ।कामले आफूलाई चिनाउन सक्नुहुनेछ। | **धनु** : सन्तान पक्षबाट शुभ सूचना मिल्नेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। |
| **कर्कट** : प्रशंसकहरूले प्रशंसा गर्नेछन्। सुस्त चलिरहेको कार्यमा गति मिल्नेछ। | **मकर** : प्रयत्न गर्दा ठूलो कार्य सम्पादन होला। इष्टमित्रहरूबाट सहयोग मिल्नेछ। |
| **सिंह** : कार्यकुशलताको चर्चा हुनेछ। महत्वपूर्ण योजनाहरू सार्वजनिक नगर्नुहोस्। | **कुम्भ** : प्रतिस्पर्धीहरू हार खानेछन्। नोकरी वा पेशामा प्रभाव बढ्नेछ। |
| **कन्या** : व्यवसायमा मनग्य लाभ मिल्नेछ। शत्रुहरू परास्त हुनेछन्। | **मीन** : क्षेत्रमा बोलीको प्रभाव बढ्नेछ। रोकिएका काम दोहोराएर गर्दा लाभ मिल्नेछ। |

# शिक्षा

## विद्यालय शिक्षा विधेयक दल र शिक्षकको कब्जामा



विद्यालय शिक्षा विधेयक अनिश्चिततातिर धकेलिँदै गएको छ । असार २२ गते बसेको शिक्षा समितिको बैठकमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले पाँच दिनको समय माग गरे पनि अझै छलफल सुरु हुन सकेको छैन । संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले विधेयकमाथिको छलफल अनिश्चित बनेको बताए । शिक्षामन्त्री पन्तले मागेको समय गुज्रिसकेका कारण असार ३२ गतेका लागि समितिको बैठक बस्ने तय गरिएको थियो । तर, शिक्षामन्त्रीको कार्यव्यस्तताका कारण बुधबार बैठक बस्न सकेन । बिहीबारका लागि शिक्षा समिति अन्तर्गतको परामर्श उपसमितिको बैठक बोलाइएको छ । नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले विधेयकका सम्बन्धमा महासंघबाट कुनै समस्या नरहेको बताए । उनले शिक्षा मन्त्रालय र महासंघबिच भएको २७ बुँदे सहमति नै आफूहरूको आधिकारिक धारणा रहेको बताउँदै सोही अनुसार विधेयक ल्याउनुपर्नेमा जोड दिए । विगतका सहमतिलाई बेवास्ता गर्दै सरकारले विधेयक ल्याए अमान्य हुने सुवेदीले प्रस्ट पारे । शिक्षामन्त्री पन्तले महासंघसँग छलफल गरिरहेको बताउँदै आएका छन् । तर, महासंघले भने कुनै छलफल नभएको प्रस्ट पारेको छ । विधेयक अहिले राजनीतिक दल, शिक्षक महासंघ र निजी विद्यालय सञ्चालकहरूको स्वार्थको लडाइँमा फसेको छ । विधेयक महिनौँदेखि संसदीय समितिमा अड्किएको छ । सरोकारवालाहरू आ-आफ्नै अडानमा रहँदा लाखौँ विद्यार्थी र अभिभावक भने अन्योलको भुमरीमा छन् । नेपाल शिक्षक महासंघले २७ बुँदे सहमतिलाई नै बटमलाइन बनाएर राजनीतिक दलका नेतादेखि समितिका पदाधिकारीसम्मलाई भेटेर दबाब दिँदै आएको छ । सरकारले सुरुमा संसदमा विधेयक दर्ता गर्दा महासंघसँग कुनै परामर्श गरेको थिएन, जसका कारण महासंघले काठमाडौँ केन्द्रित आन्दोलन नै गऱ्यो । आन्दोलनपछि सरकार र महासंघबिच ९ बुँदे सहमति भएको थियो । ९ बुँदे सहमतिको आधारमा महासंघ र शिक्षा मन्त्रालयले २७ बुँदे साझा धारणा तय गरेका थिए । अहिले महासंघ त्यही सहमतिलाई पूर्ण कार्यान्वयन गर्नुपर्ने अडानमा छ ।

**के छन् २७ बुँदे सहमतिका मुख्य विषय ?**

**शिक्षक व्यवस्थापन :** शिक्षकहरूको सरुवा, बढुवा र अन्य वृत्ति विकासका निर्णयहरू स्थानीय तहको एकल अधिकारमा नभई संघीय कानुन र मापदण्डअनुसार हुनुपर्ने । त्यसका लागि जिल्लामा शिक्षा कार्यालय बिउँताउने सहमति शिक्षा समितिमा जुटेको छ ।

**राहत र अस्थायी शिक्षकको स्थायी प्रक्रिया :** लामो समयदेखि कार्यरत राहत, साविक उच्च माध्यमिक, विशेष र अस्थायी शिक्षकहरूलाई स्थायी प्रक्रियामा लैजान उमेर हद नलाग्ने र आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गरिनुपर्ने र त्यसका लागि महासंघले विगतमा भएको सहमति अनुसार ७५/२५ को नीति लागु गर्नुपर्ने अडान राखेको छ । तर, शिक्षा समितिमा भने ६०/४० गर्ने सहमति जुटेको छ । उक्त सहमतिप्रति महासंघले कडा चेतावनी दिएको छ ।

**स्थानीय तहको भूमिका :** नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको छ । तर, महासंघ शिक्षकमाथि स्थानीय तहका जनप्रतिनिधिले राजनीतिक प्रतिशोध साँध्न सक्ने भन्दै शिक्षकको वृत्ति विकास र सेवा-सुविधाको ग्यारेन्टी संघीय सरकारले नै गर्नुपर्ने पक्षमा छ । समिति भने महासंघको यो माग संविधान विपरीत हुने भन्दै स्थानीय तहलाई नै माध्यमिक तहसम्मको शिक्षाको अधिकार दिनुपर्ने पक्षमा छ ।

**पेन्सन र उपदान :** विद्यालय कर्मचारी र बालकक्षा शिक्षक (ईसीडी शिक्षक)लाई समेत स्थायी दरबन्दी सिर्जना गरी निवृत्तिभरण (पेन्सन) र उपदानको व्यवस्था गरिनुपर्ने भनिए पनि शिक्षा समितिमा ईसीडीलाई विद्यालय संरचनाभित्र राख्ने सहमति जुटेको छ । तर, त्यसमा कायरत शिक्षकहरूलाई भने शिक्षक मान्ने वा नमान्नेमा विवाद देखिएको छ । महासंघका अध्यक्ष सुवेदी सरकारले सहमतिबाट पछि हटेर विधेयकलाई अघि बढाउन खोजेको आरोप लगाउँछन् । 'हामीले हाम्रो माग स्पष्ट पारिसकेका छौँ । २७ बुँदे सहमति हाम्रो बटम लाइन हो । यसबाट पछि हट्ने छुट सरकारलाई छैन । यदि जबर्जस्ती गर्न खोजिए हामी पुन: सडकमा आउन बाध्य हुनेछौँ,' उनले भने ।

**राजनीतिक दलहरूको स्वार्थ :** विधेयक केवल शिक्षक र सरकारको मात्रै मुद्दा होइन, यो प्रमुख राजनीतिक दलहरूको प्रतिष्ठाको विषय पनि बनेको छ । हरेक प्रमुख दलका आफ्नै शिक्षक संगठन छन् । ती संगठनले आ-आफ्नो पार्टी नेतृत्वलाई विधेयकमा आफ्ना माग सम्बोधन गराउन चर्को दबाब दिइरहेका छन् । नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रजस्ता ठुला दलहरू शिक्षकहरूको भोट बैंकलाई गुमाउन चाहँदैनन् । शिक्षक महासंघमा सबै दलका संगठनहरूको प्रतिनिधित्व छ, जसले गर्दा महासंघको अडानमा सबै दलका शिक्षकको भावना प्रतिविम्बित हुन्छ । संसदीय समितिमा आबद्ध विभिन्न दलका सदस्यहरू जसरी भए पनि विधेयक पास गराउनेतर्फ अग्रसर देखिएका छन्, तर ती दलका शीर्ष नेताहरूको अवरोधका कारण विधेयक अघि बढ्न सकेको छैन । समितिका सभापति र सदस्यहरू विधेयक पास गर्न तयार देखिए पनि विधेयक अघि बढ्न सकेको छैन । विद्यालय शिक्षा विधेयक स्वार्थ समूहहरूको लडाइँको बन्धक बनेको छ । एकातिर, आफ्ना पेसागत हकहित सुरक्षित गर्न शिक्षक महासंघ 'गर या मर' को अवस्थामा छ । अर्कोतिर, निजी विद्यालय सञ्चालकहरू आफ्नो लगानी जोगाउन लबिङ गरिरहेका छन् । यी सबैको बिचमा राजनीतिक दलहरू राष्ट्रिय हितभन्दा दलीय र गुटगत स्वार्थलाई प्राथमिकता दिइरहेका छन् । यो रस्साकस्सीको प्रत्यक्ष मारमा नेपालका करिब ७० लाख विद्यार्थी परेका छन् । नयाँ ऐन नआउँदा शिक्षा क्षेत्र २०२८ सालमा बनेको पुरानो शिक्षा ऐनकै भरमा चलिरहेको छ, जसले आजका आवश्यकता र संघीय संरचनालाई सम्बोधन गर्न सक्दैन ।

*-रातोपाटी डटकम*

## संस्कृत विश्वविद्यालयको बजेट एक अर्ब ३१ करोड



नेपाल संस्कृत विश्वविद्यालय सभाको ७८औँ बैठकले आगामी आर्थिक वर्षका लागि रु एक अर्ब ३१ करोडको बजेट तथा कार्यक्रम स्वीकृत गरेको छ । प्रधानमन्त्री निवास, बालुवाटारमा प्रधानमन्त्री एवं कुलपति केपी शर्मा ओलीका अध्यक्षतामा भएको बैठकमा कुलसचिव प्रा माधव अधिकारीद्वारा प्रस्तुत भौतिक विकाससम्बन्धी लक्ष्य र कार्यक्रममा आधारित आय-व्ययको बजेट पारित भएको हो ।

बैठकमा कुलपति ओलीले संस्कृत नेपालको संस्कृतमा विनय र पात्रतासहित समृद्ध सम्पदा भएकाले यसको संरक्षण र प्रवर्द्धनसहित गुणस्तरीय शिक्षा प्रदान गर्नु यस विश्वविद्यालयको विशेष जिम्मेवारी भएको बताए । विश्वविद्यालयका उपकुलपति प्रा डा धनेश्वर नेपालले गुरुकुल प्रणालीको संरक्षण गर्न र विश्वविद्यालयको स्थायी छात्रस्रोत सुनिश्चित गराउन सातै प्रदेशमा 'एक विद्यापीठ एक नमुना गुरुकुल' को अवधारणा अगाडि ल्याइएको बताए । *-हाम्रा कुरा डटकम*

## विद्यार्थीहरूलाई लेख्न कसरी सिकाउने ?

एक जना मेरा मित्र हुनुहुन्छ । उहाँको तार्किक प्रतिभा तीक्ष्ण छ । धाराप्रवाह बोल्नुहुन्छ । अनेक विषयहरूमा गहिरो ज्ञान पनि राख्नुहुन्छ । एक दिन गफगाफका क्रममा भन्नुभयो – मेरा विचारहरू लेख्न मन लाग्छ। तर जब म लेख्न बस्छु, दुई-तीन वाक्य वा एक अनुच्छेदमा पुगेपछि मेरो कलम अड्किन्छ । लेख्ने कुरा नै आउँदैन । के भएको होला ? जानेको कुरा किन लेख्ने बेलामा नफुरेको? समस्या के हो? कहाँ रोकिन्छन् ती तर्क र विचारहरू? केले रोक्छ ? शब्दहरू दोहोरिइराख्छन्, आएका विचारहरू हराउँछन् र के लेख्ने भन्ने छेउ-टुप्पो हराउँछ । विद्यार्थीहरू पनि माथिल्लो कक्षामा पुग्दा कुनै मौलिक लेखन गर्न थाले भने यही समस्या आउँछ । गृहकार्य गर्न कठिन हुन्छ र पाठ बुझाउन अरूको सार्ने वा अन्य स्रोतबाट बौद्धिक चोरी गर्ने गम्भीर प्रवृत्ति विकास हुन सक्छ । म यो लेखमा लेखन रोकिनुका पछाडि रहेका तथ्यहरूको विश्लेषण गर्ने छु । समाधानको प्रारम्भिक रूपरेखा दिनेछु । आशा छ, विद्यालय, शिक्षकहरू र अन्यलाई पनि उपयोगी हुने छ । यस्तो कठिनाइ भएका शिक्षितहरू धेरै भेटिन्छन् । यसलाई 'लेखन अवरोध' (राइटर्स ब्लक) भनिन्छ । यो एउटा मानसिक स्थिति हो जहाँ विचार अभिव्यक्ति रोकिन्छ र तर्क शून्यताको आभास हुन्छ । विचारको सुरू, मध्य र अन्त्यको गडबडी हुन्छ । यस्तै किसिमको समस्या पठनमा पनि हुन्छ । यसलाई पठन दु:साध्यता भनिन्छ । कुनै किताब पढ्न बस्यो, दुई-चार पाना पल्टायो, अनि किताबलाई सधैंका लागि थन्क्यायो । पढ्ने मन हरायो । फेरि अर्को किताब प्रयास गर्दा पनि त्यही समस्या बल्झियो । स्व-अध्ययनको बाटो अलमलियो । यो सदाका लागि कठिन कर्म बन्यो । यो पठन सहनशीलता अभावको अवस्था हो । गुणस्तरीय विद्यालयहरूले यस्ता कठिनाइहरू पछि विकास नहून् भनेर प्राथमिकदेखि माध्यमिक तहसम्म नै यसलाई शैक्षिक कार्यक्रमको केन्द्रमा राख्छन् । यो विद्यालयको साक्षरता कार्यक्रम वा 'लिटरेसी' अन्तर्गत पर्छ । उल्लेख्य के छ भने, साक्षरता भनेको अक्षर चिन्ने र लेखपढ गर्न सक्ने मात्र होइन । साक्षरताको विस्तृत अर्थ छ । साक्षरता भनेका पढ्ने, लेख्ने, सुन्ने र बोल्ने सीपहरूको एकीकृत क्षमता हो। भाषालाई गहिरो रूपमा बुझ्न सक्ने, विचारहरू अभिव्यक्त गर्न सक्ने, तार्किक भएर व्याख्या गर्न सक्ने, प्रभावकारी सञ्चार गर्न सक्ने, अर्थपूर्ण प्रतिक्रिया दिन सक्ने एक महत्वपूर्ण जीवन उपयोगी खुबी हो । अर्को भाषामा भन्दा, कुनै व्यक्तिमा उपर्युक्त चारमध्येका कुनै एक वा अन्य सीपको अभाव भएमा साक्षरताको समस्या भन्न सकिन्छ । ओइसिडीको अध्ययनले १२ प्रतिशत शिक्षित समुदायले मात्र 'लेभल-४' साक्षरता पार गरेको देखाउँछ, जसले विश्लेषणयुक्त लेखन गर्न सक्छन् । स्तरीय लेखन 'लेभल-५' पार गरेका ४ प्रतिशत वा कमले मात्र गर्न सक्छन्। लगभग ६८ देखि ७० प्रतिशत ( स्नातकोत्तर सहित) 'लेभल-२' र 'लेभल- ३' मै रहन्छन । यसर्थ लेखन क्षमता भएका मानिसहरू समाजमा उल्लेख्य रूपमै थोरै छन् । पठन र लेखन बाहेक अन्य साक्षरता (लिटरेसी) पनि छन् । तीमध्येका प्रमुख गणितीय साक्षरता (न्युमरेसी), डिजिटल साक्षरता, आर्थिक (फाइनान्सियल साक्षरता), भावनात्मक, सामाजिक साक्षरता इत्यादि हुन् । प्रगतिशील शिक्षाले साक्षरताको पारम्परिक साँघुरो परिभाषाको परिधिलाई विस्तृत बनाएको छ । वयस्कका पठन र लेखनका कठिनाइको सुरूआत पूर्वप्राथमिक विद्यालयदेखि नै हुन्छ र समय क्रममा त्यही जटिलताका रूपमा विकास हुन्छ । शैक्षिक क्षेत्रको यो अति नै महत्त्वपूर्ण पक्षको मूल विद्यालय-शिक्षामै रहन्छ । र, यो विशेषत: प्राथमिक-शिक्षामा विकसित हुन्छ । यसलाई विद्यालयको साक्षरता कार्यक्रम अन्तर्गत पठन र लेखन दुवै सन्तुलित रूपमा समावेश गरी समानान्तर लगिन्छ । पठनले शब्दज्ञान बढाउँछ, व्याकरण सुदृढ बनाउँछ, विषयवस्तुको ज्ञानलाई गहिराइमा पुऱ्याउँछ र लेखनको संरचना उजागर गर्छ। लेखनले हिज्जे शुद्ध गर्छ, शब्दका ध्वन्यात्मक चिनारी दिन्छ, तर्क संगठित गर्छ र व्याकरणलाई वास्तविक जीवनको प्रयोगमा ल्याउँछ । यसरी पठन र लेखन अन्योन्याश्रित बन्दै भाषा-ज्ञानलाई गहिरो बनाउँछन् । यति मात्र होइन, पठन र लेखन, यी दुई क्षमताले विद्यार्थीका वैचारिक सक्षमताको आधार खडा गर्छन् । लेखन सुदृढ गर्न प्रशस्त अनुसन्धान गरिएका छन् । यीमध्येका एक प्रसिद्ध अध्येता लुसी क्यालकिन्सले लेखन सीपको अवधारणालाई व्यावहारिक बनाउन यसको प्रक्रियालाई अत्यन्तै प्रभावकारी ढंगले सुसंगठित गरेकी छन् । उनले लेखन सीपको विकासमा सुझाएको विधिलाई लेखकको कार्यशाला (राइटर्स वर्कशप) मा संरचनात्मक तरिकाले प्रस्तुत गरेकी छन् । यसमा लेखनलाई पाँच चरणबद्ध प्रक्रियामा राखिन्छ । ती हुन्– पूर्वलेखन, खेस्रा निर्माण, संशोधन, सम्पादन र प्रकाशन । उनको लेखन अध्ययनका इकाइहरू विश्वका प्राय: सबै स्तरीय विद्यालयमा प्रयोग गरिन्छन्, जसमध्ये प्राथमिक तहमा व्यक्तिगत वृत्तान्त, विवरणात्मक लेखन, कथात्मक वृत्तान्त र व्याख्यात्मक लेखनलाई केन्द्रमा राखिन्छ । यस प्रक्रियामा लेखनलाई चिन्तन, वैचारिक विकास र अन्वेषणलाई सँगसँगै लगिन्छ र लेखनलाई चौतर्फी पूर्णता दिइन्छ । लुसी क्यालकिन्सको अध्ययनले अध्यापनका धेरै प्रभावकारी पक्ष समेट्छ। जस्तै, विद्यालय तहको शिक्षामा विद्यार्थीहरूले लेखन गर्दा शिक्षकलाई उत्कृष्ट काम देखाउने नभई तिनका लेखनलाई वास्तविक पाठकहरूतर्फ लक्षित गरिन्छ । उनी भन्छिन्, 'विद्यार्थीलाई सिकारूका रूपमा मात्र कहिल्यै नलिनू । यसको सट्टा उनीहरूलाई लेखकको स्थान दिनू ताकि विचारहरू बिना रोकटोक अभिव्यक्त गर्ने मौका मिलोस् ।' विद्यार्थीलाई शिक्षकको सैद्धान्तिक मार्गदर्शनले मात्र पुग्दैन । उनीहरूलाई लेखनको निर्देशन गर्ने शिक्षक स्वयं पनि लेखनमा र लेखनको आधारभूत संरचनात्मक खाकामा कुशल हुनपर्छ । शिक्षकले विद्यार्थीका लेखनलाई स्थान दिनुपर्छ र तिनको सुधारात्मक मूल्यांकन गर्नुपर्छ । सुधारात्मक पक्ष आलोचना केन्द्रित हुन हुँदैन । यसो गर्दा विद्यार्थीहरूको विचार-लेखन हौसला कायम रहन्छ । लेखनलाई भाषागत विषयमा मात्र सीमित राख्न नहुने सल्लाह लुसी क्यालकिन्स दिन्छिन् । त्यसैले लेखनलाई पाठ्यक्रमको आरपार समन्वय गर्नुपर्छ । यो भनेको लेखन सीपलाई भाषादेखि विज्ञान, सामाजिक शिक्षा र अन्य विषयमा पनि सुदृढीकरण गरिनुपर्छ। र, यसलाई भाषा शिक्षकको जिम्मेवारीका रूपमा मात्र लिनु हुँदैन । यसरी लेखनलाई हरेक विषयमा प्रतिदिन अभ्यासका रूपमा अघि बढाउनुपर्छ । विशेष गरी कक्षा १ देखि ३ सम्मका विद्यार्थीमा प्रयोग हुने निर्देशित लेखन (गाइडेड राइटिङ) लाई अर्को एक प्रमाणित विधि मानिन्छ । यो प्रक्रियामा विद्यार्थीका साना समूहलाई निर्देशित लेखनदेखि स्वतन्त्र लेखनतर्फ लगिन्छ । यसले लेखनमा कठिनाइ भएका विद्यार्थीलाई सहयोग पुग्ने अध्ययनहरूले देखाएका छन् । निर्देशित लेखनका चरणहरू छन्। यसमा पनि लेखन कार्यशालाको शैलीमा 'मिनी-लेसन' (लघु-पाठ) को माध्यमबाट लेखन प्रक्रिया प्रारम्भ गरिन्छ । विद्यालयहरूले आफ्ना साक्षरताका कार्यक्रममा यी मापदण्डलाई आधार मानेर लेखनलाई सजिलै अघि बढाउन सक्छन् । ती मापदण्डलाई लेखनको संरचनात्मक बनावटमा ढाल्न सक्छन् र अध्यापन योजनालाई पूर्णता दिन सक्छन् । फाउन्टास पिनेलले ती विकासात्मक लेखन अनुक्रमका मूल्यांकनका आधार पनि तोकेका छन्, जसको प्रयोग गरेमा विद्यार्थीलाई पृष्ठपोषणका साथ मार्गनिर्देशन गर्न सकिन्छ । माथि उल्लिखित बाहेक लेखनका अन्य शैक्षिक सिद्धान्त र अभ्यासहरू पनि छन्, जुन अध्यापनका लागि शिक्षणको केन्द्र परिभाषित गर्दै लेखन योजना संरचना गरि। विद्यालयहरूले तिनलाई प्रयोगमा ल्याएर लेखन कार्यक्रमलाई विशिष्टीकृत गर्न सक्छन् र लेखनलाई पूर्णता दिन सक्छन् । लेखनको पनि एक प्रकारको बोली वा पारा हुन्छ, यसलाई 'भ्वाइस' भनिन्छ । यसमा पाठकले लेखकलाई नदेख्दा पनि उसको व्यक्तित्वको आभास गराउँछ, रङ देखाउँछ, एक शैली परिभाषित गर्छ, लेखकको ज्ञानको गहिराइ पनि प्रकट गर्छ । जब त्यो भ्वाइसले गहन स्वरूप लिन्छ, लेखन गहिरो र प्रभावशाली बन्छ । यस अवस्थामा लेखनको खाका प्राकृतिक बन्छ, लेखन स्वत: स्फुरण हुन्छ । विद्यालयको लेखन योजनामा प्राथमिक तहदेखि नै भ्वाइसलाई समायोजन गरिन्छ र हरेक विद्यार्थीका विचारहरूमा भ्वाइसलाई विकसित गराउँदै लेखन प्रवाहमा मौलिकता दिइन्छ । यसले लेखन स्वाभाविक बन्छ । मैले यो लेखको सुरूमा सन्दर्भ दिएका मेरा मित्रको पनि समस्या यही थियो' उहाँसँग विचार थियो तर त्यसलाई लेखनको संरचनामा ढाल्ने खाका थिएन । अभिव्यक्त गर्ने लेखन सीप थिएन । भ्वाइसको विकास भइसकेको थिएन । केही लेखे पनि कनिकुथी लेखिएको प्रस्ट हुन्थ्यो । यो कठिनाइको समाधान वयस्क हुँदा नहुने भन्ने होइन, यी दुवै सीप जीवनको कुनै पनि समयमा विकास गर्न सकिन्छ। इच्छाशक्ति र अभ्यास चाहिन्छ । 'सकुन्तला' महाकाव्य दस दिनमै र 'कुन्जनी' एकै रातमा सिद्ध्याएका महाकवि लक्ष्मीप्रसाद देवकोटा भन्छन्, 'म कुनै शैलीका लागि लेख्दिनँ, जे मनमा आँउछ त्यही लेख्छु । म आफ्ना रचना सुधार्दिनँ, अझ राम्रो बनाउन खोज्दा त्यो झनै बिग्रिन्छ ।'संसारभर प्रसिद्ध जापानी लेखक हारूकी मुराकामी भन्छन्, 'म त मेरा कथालाई आफै बोल्न दिन्छुर म त बस लेख्छु मात्रै र बग्दै जान्छु ।' माथिका उदाहरणले लेखनको प्रवाह जनाउँछ । त्यस्तै प्रवाह विकास गर्नु विद्यालय साक्षरताको लेखन कार्यक्रमको लक्ष्य हो । लेखन विद्यालयले दिने सीप मात्र होइन, विकास गर्नुपर्ने एक प्रमुख संस्कार पनि हो । यसले हाम्रा अहिलेका साना तर भविष्यका लेखकलाई आफ्ना विचार प्रकट गर्दा लेखनले आनन्द दिन सकोस्, विचारको शुद्धीकरण गरोस्, मन र भाषालाई अनुशासित बनाओस्, नियम, अभ्यास, अध्ययन र धैर्य विकास गरोस् ।

*-सेतोपाटी डटकम*

# रूपन्देही–३ को उपनिर्वाचन तालिका सार्वजनिक




**पाल्पा,** साउन ४/२०८२ कार्तिक १७ गते हुने रूपन्देही प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. ३ को उपनिर्वाचनको निर्वाचन कार्यतालिका सार्वजनिक भएको छ । निर्वाचन आयोगले आइतबार कार्यतालिका सार्वजनिक गरेको हो ।

आयोगद्वारा स्वीकृत कार्यक्रमअनुसार उम्मेदवारी मनोनयन, उजुरी, नामावली प्रकाशन र मतदानको मिति तोकिएको छ । निर्वाचन आयोगका सहसचिव एवम् प्रवक्ता नीता पोखरेल अर्यालका अनुसार उम्मेदवारी मनोनयन २०८२ असोज २१ गते बिहान १०:०० देखि बेलुका ५:०० बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा हुनेछ । सोही दिन बेलुका ५:०० देखि ७:०० बजेसम्म उम्मेदवारको प्रारम्भिक सूची प्रकाशन गरिनेछ । उजुरी दिन २०८२ असोज २२ गते बिहान १०:०० देखि दिउँसो ३:०० बजेसम्म समय दिइएको छ । मनोनयन पत्रको जाँचबुझ र उजुरीमाथिको निर्णय असोज २२ गते दिउँसो ३:०० देखि असोज २३ गते बेलुका ५:०० बजेसम्म हुनेछ । उम्मेदवारको अन्तिम नामावली असोज २३ गते बेलुका ५:०० देखि ७:०० बजेसम्म प्रकाशन गरिनेछ । यस्तै, उम्मेदवारले असोज २४ गते बिहान १०:०० देखि दिउँसो १:०० बजेसम्म उम्मेदवारी फिर्ता लिन सक्नेछन् । सोही दिन दिउँसो १:०० देखि ३:०० बजेसम्म अन्तिम नामावली प्रकाशन र ३:०० देखि ६:०० बजेसम्म निर्वाचन चिन्ह प्रदान गरिनेछ। मतदान भने २०८२ कात्तिक १७ गते बिहान ७:०० देखि बेलुका ५:०० बजेसम्म सम्बन्धित मतदान केन्द्रमा हुनेछ । राष्ट्रिय प्रजातन्त्र पार्टीबाट उक्त क्षेत्रबाट निर्वाचित सांसद दीपक बोहराको गत चैत १९ मा निधन भएपछि उक्त क्षेत्र खाली छ । २०७९ को निर्वाचनमा बोहराले काँग्रेस नेता बालकृष्ण खाँणलाई पराजित गरेका थिए । आयोगले प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को समानुपातिक निर्वाचन प्रणालीको बन्दसूचीमा नाम समावेश भएका व्यक्तिहरूले उम्मेदवारी दिन नपाउने कानुनी व्यवस्था रहेको जनाएको छ ।

## बुटवल–नारायणगढ...

...जम्मा १४ किलोमिटर दूरी रहेको दाउन्ने क्षेत्रमा गत आर्थिक वर्ष विगतको भन्दा धेरैपटक सडक अवरुद्ध भएको प्रमुख बञ्जाराले बताए । “वर्षाको समयमा लगातार पहिरो, हिलो र सडक कटानका कारण तथा घाम लागेका दिनमा खाल्डाखुल्डी र धुलोले दाउन्ने क्षेत्र सधैँजसो समस्याग्रस्त बनिरहेको छ”, उनले भने । गत पुस २६ गते विनयी त्रिवेणी गाउँपालिका-१ दुम्कीवासको विनयी खोला पुल भाँचिएपछि यस क्षेत्रको यातायात थप अस्तव्यस्त बनेको थियो । सो अवधिमा निर्माण गरिएको अस्थायी डाइभर्सन पटकपटक खोलाले बगाउँदा यातायात अवरुद्ध हुने गरेको थियो । गत असार १९ गतेदेखि विनयी खोलामा नयाँ पुल सञ्चालनमा आएपछि सो समस्या टरेको छ । दाउन्ने सडकखण्ड विस्तारका लागि गत चैत २७ देखि चैत ३१ गतेसम्म दिनको ११:०० देखि ३:०० बजेसम्म र वैशाख १ देखि ३१ गतेसम्म रातिको ११:०० देखि बिहान ५:०० बजेसम्म अत्यावश्यक बाहेकका सवारी सञ्चालनमा रोक लगाएर सडक विस्तारको काम गरिएको थियो । अहिले दाउन्ने खण्डमा पर्खाल लगाउने, कल्भर्ट निर्माण र सडक ढलानको काम भइरहेको पूर्वी खण्डका सूचना अधिकारी इञ्जिनियर शिव खनालले बताए । नारायणगढ-बुटवल सडकखण्डको एक सय १४ किलोमिटरअन्तर्गत गैँडाकोटबाट दाउन्नेसम्मको ६५ किलोमिटरमध्ये बजार क्षेत्रमा सर्भिस लेनसहित ६ र जोखिम बढी रहेको क्षेत्र मानिने दाइउन्नेको १४ किलोमिटर खण्डमा तीन लेनको सडक विस्तारको काम चलिरहेको छ । १७ अर्ब लागतमा सडक निर्माणको ठेक्का पाएको चाइना स्टेट इञ्जिनियरिङ कर्पोरेसनले हालसम्म तीनपटक म्याद थपिसकेको छ । यही साउन मसान्तसम्म काम सम्पन्न गर्नुपर्ने छ । *-रासस*

हार्दिक शुभकामना

नेपाली पत्रकारिता क्षेत्रमा अटल हिमाल झैं रहेर निरन्तर प्रकाशित हुँदै आएको नवजनचेतना राष्ट्रिय दैनिकको गौरवमय ३१ औं वार्षिकोत्सवको अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं । **‘३१ वर्षको यात्रा स्वतन्त्रता र समृद्धिमा निरन्तर सहयात्रा’** भन्ने मूल नाराका साथ वार्षिकोत्सव मनाई रहेको यस दैनिकले आउँदा दिनमा अझ सशक्त रूपमा आफूलाई उभ्याउने छ भन्ने हामीले विश्वास लिएका छौं ।

सोनु रेग्मी
प्रोपाइटर

एवम्

नेपाल प्रिन्ट लिङ्कर्स
बुटवल-८ सुख्खानगर, रुपन्देही

खेलकुद समाचार

## आईसीसी डिजिटल अवार्ड नेपाललाई



**काठमाडौं,** साउन ४/नेपाल क्रिकेट सै (क्यान) ले लगातार दोस्रो पटक ‘आईसीसी डिजिटल फ्यान इन्गेजमेन्ट अफ द इयर’ अवार्ड जितेको छ । सामाजिक सञ्जालमा समर्थकहरूको उत्साहजनक उपस्थितिका कारण विश्वभरका क्रिकेट बोर्डलाई पछि पार्दै अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले क्यानलाई यो अवार्ड प्रदान गरेको हो । नेपाल क्रिकेट सैको सामाजिक सञ्जाल प्लेटफर्म- फेसबुक, इन्स्टाग्राम, युट्युब, एक्समा कुल पहुँच झन्डै ११ करोड ७० लाख पुगेको र फलोअर्स सङ्ख्या ११ लाख ७० हजारबाट बढेर झन्डै ११ लाख ६० हजार पुगेको छ । यसमा ४ लाख २० हजारभन्दा धेरै नयाँ फलोअर्स थपिएका छन् । यस्तै क्यानको फेसबुकमा भिडियो हेर्ने समय दोब्बरले बढेर १ करोड ३४ लाख मिनेटभन्दा बढी पुगेको छ भने घरेलु खाता हेर्ने समय पनि ४४ लाख मिनेटभन्दा धेरै पुगेको छ । यस्तै युट्युब हेर्ने समय २ सय ७७ प्रतिशतले बढेर २१ लाख ३० हजार घण्टा र इन्स्टाग्राममा ४ करोडभन्दा धेरै भ्युज पुगेको छ । गएको वर्ष फेसबुक लगायतका सामाजिक सञ्जालमा फ्यानबेस ४ सय प्रतिशतभन्दा धेरैले बढ्दा नेपालले यो अवार्ड जितेको थियो ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## सेयर बजारमा ऐतिहासिक रेकर्ड



**पाल्पा,** साउन ४/सेयर बजारमा नयाँ रेकर्ड कायम भएको छ । साताको पहिलो कारोबार दिन सेयर कारोबार रकम २१ अर्ब नाघेर नयाँ रेकर्ड कायम गरेको हो ।

सो अवधिमा २१ अर्ब ६४ करोड ७६ लाख ६ सय ५५ रुपैयाँको सेयर कारोबार भएको छ । यसअघि साउन १ गते १६ अर्ब बढीको सेयर कारोबार भएको थियो । मौद्रिक नीति घोषणा भएपछि कारोबार रकमले नयाँ रेकर्ड कायम गरेको हो । नेप्से परिसूचक शून्य दशमलव ३२ अंकले बढेको छ । नेप्से विन्दु २ हजार ८ सय ७० दशमलव ९५ विन्दुमा उक्लिएको छ । १०५ कम्पनीको सेयर मूल्य बढेको छ भने १४४ कम्पनीको मूल्य घट्यो । कुल १ लाख ७८ हजार १७६ पटकको किनबेचबाट ५ करोड १६ लाख ५८ हजार ३ सय ८५ कित्ता सेयर खरिदबिक्री भएको छ । यसदिन ३ सय १६ स्क्रिप्सको ५ करोड १६ लाख ५८ हजार ३ सय ८५ कित्ता सेयर २१ अर्बमा खरिदबिक्री भए हो । यसदिन दुई कम्पनीको सेयर सकारात्मक सर्किट लेभलम कारोबार भए । उन्नति सहकारी लघुवित्त वित्तीय संस्था र सानभी इनर्जीको सेयर १० प्रतिशतले बढयो । यसैगरी ट्रेड टावर,शिव श्री हाइड्रोपावर र बिन्ध्यावासिनी हाइड्रोपावरको सेयर ९ प्रतिशत बढीले बढ्यो । कारोबार रकमका आधारमा नेपाल रिइन्स्योरेन्स शीर्षस्थानमा रह्यो । उक्त कम्पनीको ९८ करोडमाथिको सेयर कारोबार भयो । बुटवल पावरको ६४ करोडको सेयर कारोबार हुँदा हिमालयन रिइन्स्योरेन्सले ५६ करोड,नगदी ग्रुपको ५० करोड र सानिमा माइ हाइड्रोपावरको ४८ करोड मूल्य बराबरको सेयर कारोबार भयो । कारोबारमा आएकामध्ये १०५ स्क्रिप्सको मूल्य बढ्दा १४४ वटाको घट्यो । सो अवधिमा पाँच समूहको उपसूचक बढ्दा अन्यको उपसूचक नकारात्मक देखिएका छन् ।

भू–संरक्षण गरौं ।

भू-संरक्षणका उपायहरू:
-गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
-खेती गर्दा गहरा बनाइ गरौं,
-भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरुवा रोपौं,
-बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
-सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
-पानी संरक्षणका उपायहरू अपनाऔं,
-स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।
‘माटो बचाऔं, भविष्य जोगाऔं।’

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई